**October 12th, 2024** **Saturday**

**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

1. रक्षा मन्त्री श्री राजनाथ सिंहद्वारा सीमा सडक संगठनका विविध पूर्वाधार परियोजनाहरूको उद्घाटन
2. प्रधानमन्त्री इन्टर्नशिप योजना 2024 को लागि पञ्जीकरण प्रक्रिया आजदेखि सुरु हुँदै
3. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु भोलिदेखि अल्जेरिया, मोरिटानिया र मलावीको भ्रमणमा जानु हुने
4. आज देशभर विजयादशमी र दुर्गा पूजा मनाइँदै
5. शारजाहमा जारी महिला टी–२० क्रिकेट विश्वकपको समूह 'ए' मा न्युजिल्यान्डद्वारा श्रीलंका आठ विकेटले पराजित
6. अनि भारत र बंगलादेशबीचको तेस्रो र अन्तिम T-20 अन्तर्राष्ट्रिय क्रिकेट खेल आज साँझ हैदरावादमा खेलिँदै

**समाचार विस्तारमा**

**1. Rajnath - BRO**

रक्षा मन्त्री श्री राजनाथ सिंहले आज सीमा सडक संगठन - BRO द्वारा 2,236 करोड रुपैयाँको लागतमा निर्मित 75 पूर्वाधार परियोजनाहरूको उद्घाटन गर्नुभयो । रक्षामन्त्रीले सिक्किममा २२ सडक, ५१ पुल र दुई अन्य परियोजनाको पनि उद्घाटन गर्नुभयो । यी परियोजनाहरू अण्डमान र निकोबार टापुहरू सहित देशका 11 सीमावर्ती राज्यहरू र केन्द्र शासित प्रदेशहरूमा निर्माण गरिएका छन्। रक्षामन्त्रीले सडक सञ्जालमा निरन्तर वृद्धि भएकोमा प्रशंसा व्यक्त गर्नुभयो ।

**2. PM Internship Yojana 2024**

प्रधानमन्त्री इन्टर्नशिप योजना 2024 को लागि पञ्जीकरण प्रक्रिया आज साँझ 5 बजे सुरु हुनेछ। यस वर्षको केन्द्रीय बजेटमा घोषणा गरिएको यस पहलले युवाहरूलाई व्यावसायिक वातावरणमा व्यावहारिक अनुभव प्राप्त गर्न मद्दत गर्ने हेतुले १२-महिनाको इन्टर्नशिपहरू प्रदान गर्दछ।

**3. Prez Visit**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु भोलिदेखि अक्टोबर १९ सम्म अल्जेरिया, मोरिटानिया र मलावी गरी तीन देशको भ्रमणमा जानु हुनेछ । भारतका राष्ट्रपतिको तीन अफ्रिकी देशको यो पहिलो भ्रमण हुनेछ। भ्रमणको पहिलो चरणमा राष्ट्रपतिले भोलिदेखि अक्टोबर १५ सम्म अल्जेरियाको भ्रमण गर्नु हुनेछ, भ्रमणको दोस्रो चरणमा अक्टोबर १६ मा मौरिटानियाको भ्रमण गर्नु हुनेछ भने भ्रमणको अन्तिम चरणमा राष्ट्रपतिले १७ देखि १९ अक्टोबरसम्म मलावीको भ्रमण गर्नु हुनेछ। राष्ट्रपतिको भ्रमणको मुख्य उद्देश्य अफ्रिकी देशहरूसँग भारतको सम्बन्धलाई अझ सुदृढ पार्नु हो।

**4. Andhra Pradesh/Rajasthan - Grant**

केन्द्र सरकारले आन्ध्र प्रदेश र राजस्थानका ग्रामीण स्थानीय निकायहरूलाई चालू आर्थिक वर्षको लागि पन्ध्रौं वित्त आयोग अनुदानको पहिलो किस्ता जारी गरेको छ। पञ्चायती राज मन्त्रालयले आन्ध्र प्रदेशलाई करिब ३९६ करोड रुपैयाँको आधारभूत अनुदान र करिब ५९३ करोड रुपैयाँको निश्चित अनुदान दिएको बताएको छ।

**5. Train Accident**

दक्षिणी रेलवेको चेन्नई डिभिजनको गुम्मीदिपुन्डी नजिक कावरपेट्टाईमा गए राति भएको रेल दुर्घटनाको उच्चस्तरीय छानबिनको आदेश दिइएको छ। मैसूर-दरभंगा बागमती एक्सप्रेस पोनेरीबाट गुज्रिरहेको बेला मालगाडीसँग ठोक्किएको थियो। दुर्घटनामा कुनै मानवीय क्षति नभए पनि घाइते १६ यात्रुको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । उच्चस्तरीय समितिले छानबिन गरेपछि दुर्घटनाको कारण खुल्ने बताइएको छ। ट्राफिक सुचारु गर्ने काम तीव्र गतिमा भइरहेको छ ।

**6. India - Bangladesh**

भारतले बंगलादेश सरकारलाई विशेष गरी चाडपर्वहरूमा सबै अल्पसंख्यक र उनीहरूको पूजास्थलहरूको संरक्षण र सुरक्षा सुनिश्चित गर्न आह्वान गरेको छ। विदेश मन्त्रालयले ढाकाको तान्तीबजारमा रहेको पुजा मन्दिरमा भर्खरै भएको आक्रमण र सतखीराको जशोरेश्वर काली मन्दिरमा भएको चोरीको घटनाप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....**

**7. Haryana New Govt.**

हरियाणामा नयाँ सरकारको सपथ ग्रहण समारोह बिहीबार पञ्चकुलामा हुँदैछ। हरियाणा विधानसभा चुनावमा भारतीय जनता पार्टीले लगातार तेस्रो पटक जित हासिल गरेको छ। ९० सदस्यीय विधानसभामा भाजपाले ४८ र कांग्रेसले ३७ सिट जितेको छ।

**8. J & K - NC**

नेसनल कन्फ्रेन्स–एनसी नेतृत्वको गठबन्धनले जम्मु–कश्मीरमा सरकार बनाउने दाबी पेश गरेको छ। पार्टीका उपाध्यक्ष श्री ओमर अब्दुल्लाले हिजो श्रीनगरमा उपराज्यपाल श्री मनोज सिन्हालाई भेटेर यस सम्बन्धमा एउटा पत्र बुझाउनुभएको थियो।

**9. UNICEF - Indian Suppliers**

संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) ले भारतीय आपूर्तिकर्ताहरू रूपमा बालबालिकालाई स्वास्थ्य र रासन सहयोग गर्ने संस्थाहरूमा विश्वमै तेस्रो ठूलो प्रदायक भएको बताएको छ। भारतीय व्यवसायहरूले युनिसेफलाई आफ्नो विश्वव्यापी कार्यका लागि करिब छ अर्ब डलरको वस्तु र सेवाहरू आपूर्ति गरेका छन्। भारतको पहिलो आधिकारिक भ्रमणमा आएकी युनिसेफका आपूर्ति विभागकी निर्देशक लीला पक्कलाले विश्वभरका बालबालिकाका लागि जीवन बचाउने वस्तु र सेवा उपलब्ध गराएर भारतीय आपूर्तिकर्ताहरूले युनिसेफको काममा योगदान पुऱ्याएकोमा प्रशंसा गर्नुभयो।

**10. Bijayadashami – Durga Puja**

विजयादशमी र दुर्गा पूजाको पर्व आज देशभर श्रद्धा र हर्षोल्लासका साथ मनाइँदैछ। विजयादशमी पर्वलाई खराबमाथि राम्रोको विजयको प्रतीकका रूपमा मनाइन्छ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखर र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विजयादशमीको शुभकामना व्यक्त गर्नुभएको छ।

**11. Asian Table Tennis 1700**

अहिका मुखर्जी र सुतीर्थ मुखर्जीको जोडी कजाकिस्तानको अस्तानामा जारी एसियन टेबलटेनिस च्याम्पियनसिपमा महिला युगलको सेमिफाइनलमा पुगेर पदक जितेका छन्। भोलि सेमिफाइनलमा अहिका–सुतीर्थको जोडीले जापानका मिवा हरिमोटो र मियु किहाराको जोडीसँग प्रतिस्पर्धा गर्नेछ। यसअघि आज भएको क्वार्टरफाइनलमा भारतीय जोडीले दक्षिण कोरियाका किम नयोङ र ली युनहीलाई पराजित गरेको थियो। यसैबीच, मानुष शाह र मानव ठक्कर पुरुष एकलको प्रि क्वाटरफाइनलमा पुगेका छन्। प्रि-क्वाटरफाइनलमा मानुष शाहले चाइनिज ताइपेईका लिन युन–जु र ठक्करले हङकङका चान बाल्डविनसँग खेल्नेछन्। प्रतियोगितामा आज नै हरमित देसाई र मनिका बत्राले आ–आफ्नो खेल खेल्नेछन्।

**12. Weightlifting**

हिमाचल प्रदेशको नगरोटा बागवानमा भएको राष्ट्रिय भारोत्तोलन च्याम्पियनसिपमा हरमनप्रीत कौरले हिजो महिला ७६ केजी सिनियर वर्गमा नयाँ राष्ट्रिय कीर्तिमान बनाएकी छिन्। जुनियर विधामा हिनाले ७६ केजी तौल समूहमा नयाँ कीर्तिमान बनाएकी हुन्। रविशंकरले पनि ३११ केजी तौल उचालेर नयाँ राष्ट्रिय कीर्तिमान बनाएका छन्।

**13. Cricket - Women's T20 World Cup 1700**

शारजाहमा जारी महिला टी–२० क्रिकेट विश्वकपको समूह 'ए' मा न्युजिल्यान्डले श्रीलंकालाई आठ विकेटले पराजित गरेको छ। समूह बी मा बंगलादेशले साँझ ७.३० बजे दक्षिण अफ्रिकासँग खेल्नेछ। दक्षिण अफ्रिका दुई जितसहित समूहको दोस्रो स्थानमा छ।

**14. Cricket India – Bangladesh 1700**

अर्कोतर्फ भारत र बंगलादेशबीचको तेस्रो तथा अन्तिम टी–२० क्रिकेट खेल आज हैदराबादमा हुँदैछ। खेल साँझ ७ बजेदेखि हुनेछ। श्रृंखलामा भारत २–० ले अगाडि छ। दिल्लीमा भएको दोस्रो टी–२० खेलमा भारतले बंगलादेशलाई ८६ रनले पराजित गरेको थियो भने ग्वालियरमा भएको पहिलो खेलमा ७ विकेटले विजयी भएको थियो।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. रक्षा मन्त्री श्री राजनाथ सिंहद्वारा सीमा सडक संगठनका विविध पूर्वाधार परियोजनाहरूको उद्घाटन

2. प्रधानमन्त्री इन्टर्नशिप योजना 2024 को लागि पञ्जीकरण प्रक्रिया आजदेखि सुरु हुँदै
3. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु भोलिदेखि अल्जेरिया, मोरिटानिया र मलावीको भ्रमणमा जानु हुने
4. आज देशभर विजयादशमी र दुर्गा पूजा मनाइँदै
5. शारजाहमा जारी महिला टी–२० क्रिकेट विश्वकपको समूह ‘ए’ मा न्युजिल्यान्डद्वारा श्रीलंका आठ विकेटले पराजित
**6.** अनि भारत र बंगलादेशबीचको तेस्रो र अन्तिम T-20 अन्तर्राष्ट्रिय क्रिकेट खेल आज साँझ हैदरावादमा खेलिँदै

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**